# चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाण्डौ

३ नं. प्रदेश, नेपाल

प.सं. ०७५।७६

च.नं. ४६१ (पु.)

फोन नं. ०१-४३१५७६६

मिति : २०७५।१०।२०


श्री सबै वडा कार्यालय,

च.न.पा., काठमाडौं ।

**विषय : करौंते प्रतियोगितामा सहभागी गराई दिने सम्बन्धमा ।**

भक्तपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.नं. १६८१ मिति २०७५।१०।४ गतेको पत्रको फोटोकपी यसैपत्र साथ संलग्न गरिएको छ ब्यहोरा अवगत गरी करौंते प्रतियोगितामा सहभागी गराई दिने व्यवस्था गर्न हुन अनुरोध छ ।

शाखा अधिकृत

बोधार्थ

श्री सञ्जिव ज्ञवाली

सूचना प्रविधि अधिकृत

च.न.पा. बलम्बु : सबै वडा कार्यालयहरुमा mail गरि दिनु हुन एवं नगरपालिकाको वेभ साइटमा राखि दिन हुन ।

o/c

भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दरबार स्क्वायर, भक्तपुर
DURBAR SQUARE, BHAKTAPUR
नेपाल

पत्र संख्या: ८१२
चलानी नं. १६८१

मिति: २०७५।१०।४

श्रीमान् प्रमुखज्यू,
चन्द्रागिरी नगरपालिका

*विषय : अन्तर नगर कराँते प्रतियोगितामा सहभागी गराई दिनु हुन ।*

उपरोक्त सम्बन्धमा भक्तपुर नगरपालिकाको आयोजनामा २०५५ सालदेखि अन्तर नगर कबड्डी, बक्सिङ्ग, टेबुल टेनिस र भलिबल प्रतियोगिता संचालन गरी सफलतापूर्वक सम्पन्न गर्दै आएको जानकारी गराउन पाउंदा हामीलाई खुशी लागेको छ ।

यसै सन्दर्भमा यस नगरपालिकाले २०७५ फागुन ५ देखि ८ गतेसम्म शहीद स्मृति खेल मैदान, भक्तपुरमा अन्तरनगर कराँते प्रतियोगिता गर्ने व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु । प्रतियोगिताले कराँते खेलको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने भएकोले त्यस नगरपालिकाबाट टिम सहभागी गराई सहयोग गर्नु हुन अनुरोध गर्दछु । यसले कराँते खेलको गरिमा बढ्ने विश्वास भक्तपुर नगरपालिकाले लिएको छ ।

दर्ता शुल्क : प्रति टिम रु. ३,०००।–
टिम दर्ता गर्ने अन्तिम मिति : २०७५ माघ २० गते
(प्रतियोगिता नियमावली र टिम दर्ता फाराम यसै पत्रसाथ संलग्न छ )

**सम्पर्क स्थान:**
**– भक्तपुर नगरपालिका कार्यालय, भक्तपुर**
**ईमेल:** bhaktapurmuni@gmail.com
**सम्पर्क नं.** : ०१–६६१००९६, ६६१३९५७
**– प्रकाश मोहन धौभडेल**
**ईमेल:** prakashhotelheritage@gmail.com/facebook Page: Bhaktapur Municipality
**सम्पर्क नं.** : ९८५१०२६२२८, ९८०८८१५४०५
**– राजेन्द्र कपाली**
**सम्पर्क नं.** : ९८४१४७८५७०

२०७५।१०।४

सुनिल प्रजापति
**प्रमुख**

## अन्तर नगर कराँते प्रतियोगिता सम्बन्धी नियम

१. भक्तपुर नगरपालिकाबाट आयोजन गरिने अन्तर नगर कराँते प्रतियोगिता मिति २०७५ फागुन ५,६,७ र ८ गते हुनेछ ।

२) यस प्रतियोगितालाई WKF को नीति नियम वमोजिम Children Junior र Senior पुरुष/महिला प्रतियोगिता गरी संचालन हुनेछ ।

३) तौल समूहः

**पुरुष/महिला**

Children : –२०, –२५ र –३० के.जि

Junior : –३५, –४० र –४५ के.जि

Senior : –५०, –५५, –६० के.जि र एकल काता

४) सम्पूर्ण खेलाडीको दर्ता माघ २० गते भित्र इमेलमार्फत पठाउनु पर्नेछ ।

५) म्याद नाघेको टिमलाई दर्ता गरिने छैन ।

६) आयोजक कमिटिले पठाएको दर्ता फाराम माघ २० गते भित्र र खेलाडी दर्ता फाराम फोटोसहित माघ २५ गते ईमेलमार्फत पठाउनु पर्नेछ ।

७) खेलाडी कोच र मेनेजरको P.P. साइजको फोटो JPG मार्फत २५ गतेभित्र पठाउनु पर्नेछ ।

८) प्रत्येक नगरपालिकाबाट दुई जना कोच र एक जना मेनेजर मात्र पाठाउन पाईने छ ।

९) प्रत्येक नगरपालिकाबाट दुई जना NKF/AKF को डिप्लोमा प्राप्त रेफ्रीको नाम पठाउनु पर्नेछ । तर यो रेफ्रीको छनौट नभए प्राप्त रेफ्रीको नामबाट आयोजक कमिटिको रेफ्री कमिशनबाट छनौट भएपछि छनौट भएका रेफ्रीलाई पत्राचार गरिनेछ ।

१०) तौल परीक्षण र टिम मेनेजरको मिटिङ्ग :

क) सम्पूर्ण खेलाडीको तौल परीक्षण

ख) फागुन ५ गते बिहान ७–१० बजे हुनेछ

ग) तौल नपाइमा छुट दिइने छैन ।

११) रेफ्री सम्बन्धी व्यवस्था :

क) प्रतियोगिता शुरु हुन अगाडि रेफ्री सेमिनार तथा ब्रिफिङ्ग कार्यक्रम रहनेछ । सो सेमिनारमा सहभागी हुन नसक्नेलाई रेफ्रीको भुमिका गर्न दिइनेछैन ।

ख) रेफ्रीलाई आवश्यक सामान (ब्लेजर, सिट्ठी) आफै ल्याउनु पर्नेछ ।

१२) खेलाडीको पोशाकको व्यवस्था :

क) सम्पूर्ण खेलाडीको पोशाक तथा रिवन WKF को प्रतिवादन अनुशार हुनेछ ।

ख) पोशाक नमिल्ने खेलाडीलाई खेल्न दिइनेछैन ।

ग) खेलको लागि आवश्यक ग्लोब, बेल्ट, माउथ पिस, लेग प्रोटेक्स सम्बन्धी टिमले नै व्यवस्था गर्नुपर्नेछ ।

घ) यो प्रतियोगितामा लेग प्रोटक्स र माउथ पिस अनिवार्य गरेको हुनाले बडी प्रोटेक्सन, चेस्ट गार्डलाई अनिवार्य गरेको छैन ।

१३) अनुशासन, कमिटि र जुरी :

क) प्रतियोगिता व्यवस्थित र अनुशासित रुपमा संचालन गर्न एक आयोजक कमिटि र रेफ्री कमिशन सदस्यहरु सम्मिलित एउटा अनुशासन कमिटि गठन गरिनेछ ।

ख) कुनै पनि खेलाडि वा प्रशिक्षक मेनेजरले अनुशासनहीन कार्य गरेको देखेमा सो खोलाडी वा सम्पूर्ण टिम नै खेल खल्नबाट वन्चित गर्न सकिनेछ ।

ग) यो खेलमा भिडियो रिभ्यु नियम लागु हुने छैन ।

घ) कुनै पनि अफिसियल प्रोटेक्स राख्नु पर्ने भएमा खेल सकिएको निम्न समयमा डिपोजित सहित निवेदन हाल्नु पर्नेछ ।

- अफिसयल प्रोटेक्सको जानकारी टाटामी मेनेजरलाई खेल सकिएको १ मिनेट भित्र राख्नुपर्नेछ ।
- अफिसयल प्रोटेक्सनको टिपोजिट रकम रु. ५०००।– २ मिनेट ३० सेकेन्ड भित्र राख्नु पर्नेछ ।
- प्रोटेक्स आएको ५ मिनेट भित्रमा सो प्रोटेक्सा सम्बन्धी निर्णय गर्नेछ ।
- यो खेलको कुनै पनि निर्णय गर्ने अधिकार आयोजक कमिटिमा हुनेछ ।

१४) खेलाडी दर्ता तौल परीक्षणमा सक्कल नागरिकता र जन्म दर्ता पेश गर्नुपर्नेछ । सोही समयमा टिम दर्ता शुल्क अनिवार्य बुझाउनु पर्नेछ ।

१५) सहभागी टिमले खाना र बसोबासको व्यवस्था आफै गर्नुपर्नेछ ।

१६) पुरस्कारको व्यवस्था :

क) प्रतियोगितामा उत्कृष्ट, प्रथम, द्वितिय र तृतिय हुने खेलाडीलाई नगद पुरस्कारको व्यवस्था गरिएको छ ।

भक्तपुर नगरपालिका, नगर कार्यापालिकाको कार्यालय

# अन्तर नगर करातें प्रतियोगिता

फागनु ५ देखि ८ गतेसम्म

## खेलाडी दर्ता फाराम

**नगरपालिकाको नामः ........................................**

| क्र.सं. | तौल समूह | खेलाडीको नाम | | उमेर र जन्म मिति |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | –२० के.जी | | | |
| २ | –२५ के.जी | | | |
| ३ | –३० के.जी | | | |
| ४ | – ३५ के.जी | | | |
| ५ | –४० के.जी | | | |
| ६ | –४५ के.जी | | | |
| ७ | –५० के.जी | | | |
| ८ | –५५ के.जी | | | |
| ९ | -६० के.जी | | | |
| १० | एकल काता | | | |

टिम कोच :

टिम मेनेजरः

प्रमाणित गर्ने दस्तखत

*नोटः यो पहिलो रजिष्ट्रेशन माघ २० गतेसम्ममा ईमेलमार्फत पठाउनु पर्नेछ ।*

भक्तपुर नगरपालिका, नगर कार्यापालिकाको कार्यालय

# अन्तर नगर कराँते प्रतियोगिता

फागनु ५ देखि ८ गतेसम्म

## खेलाडी दर्ता फाराम

फाटो

**नगरपालिकाको नामः ........................................**

१. खेलाडीको नाम :-

२. लिङ्ग : महिला पुरुष

३. खेलाडीको ठेगाना :-

४. जन्म मिति :

५. शैक्षिक योग्यता : –

६. प्रशिक्षकको नाम :-

७. तौल समूह :-

८. ईभेन्ट : – काता ओको

*यस प्रतियोगितामा भाग लिंदा, मलाई कुनै चोटपटक लागेमा वा कुनै दुर्घटना घट्न गएमा आयोजक कमिटि जवाफदेही नभएकोमा मेरो मन्जुरी छ ।*

खेलाडीको हेस्ताक्षर :

**प्रमाणित गर्ने आयोजक कमिटि**

नामः

हस्ताक्षरः

मितिः

*नोटः यो पहिलो रजिष्ट्रेशन माघ २५ गते भित्र ईमेलमार्फत पठाउनु पर्नेछ ।*